# व्यवस्थापिका–संसद, विकास समिति

# कालिगण्डकी करिडोर स्थलगत निरीक्षण भ्रमण

# प्रतिवेदन-२०७३

## १.पृष्ठभूमिः

विकासको लागि मेरुदण्डको रुपमा रहेको यातायात क्षेत्रको उन्नती भएमा नै देशको समग्र प्रगति हुन सक्छ । सडक एक देशको रक्तनली हो, जीवन रेखा हो जस्ले देशलाई जीवन्त राख्छ।भौगोलिक, आर्थिक, राजनैतिक, सामाजिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय लगायतका देशका विभिन्न क्षेत्रको दिगो विकास गर्न देशको दुर्गम दुर्गम स्थानमा समेत सडकको विस्तार हुनु आवश्यक छ । मानव सभ्यताको इतिहास अध्ययन गर्दा नदिबाट बाटोको उदगम भयो भने बाटोलाई आधार मानेर बिभिन्न सभ्यता, समाज हुंदै देशको विकास भएको पाइन्छ । नेपाल भूपरिवेष्ठित देश हुनुको अर्थमा पनि परिष्कृत रुपमा परिवर्तन सडक सञ्जालको विकासविना अन्य विकासको कल्पना पनि गर्न सकिन्नं ।हाम्रो जस्तो भौगोलिक विकटता विद्यमान रहेको देशमा सडकको विस्तारको विकल्पमा अन्य पूर्वाधारलाई पहिलो प्राथमिकतामा राख्न नसकिने कुरोमा दुई मत हुन सक्दैन । यहीं यथार्थतालाई हृदयँगम गरी व्यवस्थापिका–संसदको विकास समितिले विशेष गरी उत्तर–दक्षिण जोड्ने राष्ट्रिय प्राथमिकतामा परेका बिभिन्न ९वटा सडकहरुलाई उच्च महत्व तथा प्राथमिकता दिई ट्र्याक खोल्ने, फराकिलो बनाउने, कालो पत्र गर्ने, मर्मत सम्भार गर्नेलगायतका सडक सञ्जाललाई विकास गर्ने कार्यलाई छिटो छरिटो,प्रभावकारी रुपले सम्पन्न गर्न गराउन आवश्यक पहल गर्दै आउनुका साथै नीति निर्माण एव्म ऐन कानून तर्जुमा गरी सरकारलाई उचित राय, सुझाव र निर्देशनहरु उपलव्ध गराउदै आईरहेको छ ।

## २.उद्देश्यः

आजभन्दा करिब ३ हजार वर्ष पहिलेदेखिको भारत र भोटका विचमा नून, ऊन, सुन लगायत बस्तुहरुको व्यापार गर्ने रेशमी मार्ग (सिल्क रोड) को नामले चिनिने अहिलेको निर्माणाधिन यो कालिगण्डकी करिडोर सडक धार्मिक, सामाजिक, आर्थिक, पर्यटकीय दृष्टिले प्राचिन कालदेखि नै अति महत्वपूर्ण सडकको रुपमा रहेको पाईन्छ । उत्तर तर्फको हिन्दू धर्माबलम्बीहरुको आस्थाको केन्द्र मानसरोवर, कैलास पर्वत र दक्षिण तर्फको बौद्ध धर्माबलम्बीहरुको लुम्बिनी, सारनाथ, बौद्धगया जोड्ने बाटो पनि यिनै हुन। बिभिन्न ग्रन्थहरुमा यहीं बाटोबाट गुरु शंकराचार्य कैलाश मानसरोवर गई फर्केको कुरो समेत उल्लेख भएको पाईन्छ । विकासको लागि प्राचिन कालदेखि नै अति नै महत्वपूर्ण योगदान रहेको यो कालीगण्डकी करिडोर (गैंडाकोट–कोरला) अर्न्तगत रिडी–पालुङ्गखोला–मालढुंङ्गा सम्मको ८० कि.मि.सडक निर्माणको कार्यलाई पनि विशेष महत्व दिई सीमित श्रोत साधन, जनशक्तिबाट छिटो छरिटो प्रभावकारी रुपले सम्पन्न गराउने कार्यमा नेपाली सेनाबाट निर्माणाधीन यो करिडोरको स्थलगत

अवलोकन गरी निर्माण कार्यलाई तीव्रता दिई प्रभावकारी बनाउन, तोकिएको बजेटबाट तोकिएको समयमै कार्य सम्पन्न गर्न गराउन सम्बद्ध सबैलाई आवश्यक सहयोग गर्न गराउनुपर्ने भए सो समेत गर्न गराउन, नीतिगत अप्ठ्याराहरु भए नीतिगत तहमा गर्नुपर्ने सुधार सुझावका लागि पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यलेसमितिबाट स्थलगत निरीक्षण गरिएको थियो ।

**३.स्थलगत निरीक्षण भ्रमणः**

समितिको मिति २०७३ फागुण ११ गतेको कालीगण्डकी करिडोरको स्थलगत निरीक्षण गर्ने निर्णयानुसार मिति २०७३ चैत्र २० गतेका दिन व्यवस्थापिका–संसदको विकास समितिका मा. सभापतिको नेतृत्वमा देहाय वमोजिमको टोलिलेपांहदी–हर्मीचौर–अर्बेनी सडक खण्ड (गुल्मी) को १२ कि.मि. सडकको स्थलगत निरीक्षण भ्रमण गरेको थियो ।

१. मा० सभापतिश्री रविन्द्र अधिकारी
२. मा० श्री इश्तियाक अहमद खान
३. मा० श्री प्रकाश शर्मा पौडेल
४. मा० श्री रामकुमार भट्टराई
५. मा० श्री शान्ता मानवी
६. मा० डा. शिवजी यादब
७. मा० श्री सन्त कुमार थारु
८. समिति सचिव श्री हृदयराम महर्जन

भ्रमण टोलिमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सह–सचिव श्री राजेन्द्रराज शर्मा, रक्षा मन्त्रालयका सह–सचिव श्री शंकर प्रसाद पाठक, सडक बिभागका सु.ई.श्री गोपाल सिग्देल, राष्ट्रिय योजना आयोगका उप–सचिव श्री जगदिश्वर उपाध्याय, नेपाली सेना, विकास निर्माण निर्देशनालयका निर्देशक प्रा.स.र.श्री उद्धव विष्ट, मा.सभापतिका स्वकीय सचिव श्री राजेन्द्र आचार्य, लेखक प्रा.डा.पिताम्बर शर्मा, सैनिक जनसम्पर्क निर्देशनालयका फोटोग्राफर, कान्तिपुर टि.भि.का छांयाकार श्री शैलेन्द्र चौधरी, कान्तिपुर पव्लिकेशनका श्री जगदीश्वर पाण्डेर अन्नपूर्णपोष्टका श्री गोपिकृष्ण ढुंङ्गानासमेत भ्रमण कार्यक्रममा साथै रहनु भएको थियो ।

**४.स्थलगत निरीक्षण भ्रमणमा देखिएका तथ्यहरुः**

कालीगण्डकी करिडोर सडक निर्माणको स्थलगत निरीक्षण भ्रमणका क्रममा हर्मीचौर गुल्मीमा स्थलगत निरीक्षण गर्नुका साथैस्थानीय जनताहरु र कालीगण्डकी करिडोर सडक निर्माण कार्यदल लगायत सम्बद्ध निकायका प्रतिनिधिहरु सहितको एक अन्तरक्रिया कार्यक्रममादेहाय वमोजिमका स्थलगत तथ्यहरुको प्रस्तुती भएको थियो ।

१. कालीगण्डकी करीडोर अर्न्तगत पांहदी–हर्मीचौर–अर्बेनी सडक खण्ड (गुल्मी) १२ कि.मी.को कार्य नेपाली सेनामार्फत सम्पन्न गराउने नेपाल सरकारको निर्णयानुसार नेपाली सेना श्री

विकास निर्माण निर्देशनालयका प्रा.प्र.से.श्री रेश्मीराज भट्टराईको कमाण्डमा श्री कालीगण्डकी करीडोर सडक निर्माण कार्यदल गठन भई गुल्मी जिल्लाको हर्मिचौरमा बेश क्याम्प खडा गरी मिति २०७०।१।२० गतेदेखि कार्य प्रारम्भ हुँदै आएको ।

२. कार्यको प्रकृति तथा प्रगति अनुसार सडक निर्माण कार्यदललाई गुल्मीको रिडी–पालुङ्गखोला खण्ड (४२ कि.मि.) र बाग्लुङ्गको मालढुङ्गा–टाकुरे खण्ड (१५ कि.मि.) सडक निर्माण गर्ने कार्यको जिम्मेवारी समेत पाई कार्य सम्पन्न गरी सार्जनिक यातायात समेत संचालन भएको र चालु आ.व.०७३।७४ मा बाग्लुङ्ग खण्ड (टाकुरे–पालुङ्गखोला) २३ कि.मि.को थप कार्य पनि नेपाली सेनाबाट गराउने नीतिगत निर्णयानुसार कार्य भैरहेको ।

३. भौतिक पूर्वाधार तथा डिफेन्स पोजिशन मजबुत बनाई दिईएको जिम्मेवारी कार्यदलबाट बहन गरिदै आएको ।

४. कालीगण्डकी करिडोरको बाग्लुङ्ग–बेनी जोमसोम खण्डको ट्रयाक खोल्ने कार्य सेनाद्धारा २०६४ सालमा नै सम्पन्न गरेको ।

५. गुल्मी खण्डको ४२ कि.मि.मध्ये ३७ कि.मि.र बाग्लुङ्ग खण्डको १४ कि.मि. सेनाद्धारा निर्माण सम्पन्न गरेको ।

६. पालुङ्गखोला–टाकुरे (२३ कि.मि.) सडक खण्ड समेत सेनाबाट निर्माण भैरहेको । यथोचित बजेटका व्यवस्था भएमा  चालू आ.व.मै ट्याक् जोड्ने योजनाका साथ द्रुत गतिमा कार्य भइरहेको । यो खण्डको ट्रयाक निर्माण कार्य सम्पन्न भएका रिडीदेखिजोमसोम सम्म (१७४ कि.मि.) मा यातायात संचालन हुन सक्ने देखिन्छ । र बाह्रै महिना यातायात संचालनको लागि थप स्तरोन्नतिको कार्यहरु गर्नुपर्ने देखिन्छ । यसै  सिलसिलामा स्थानीय जनता, सरोकालवाला तथा बिभिन्न राजनैतिक दलका प्रतिनिधिहरुद्धारा रिडि–पालुङ्गखोला–मालढुङ्गा खण्डमा हाल भएरेहको ७.५ मि. ट्रयाकको चौडाई १० मि. गर्ने कार्य र हर्मिचौरको लुप हटाउने कार्य तथा रुद्रबेणी–रिडीको बिष्णुधामसम्मको ४.५ कि.मि.को बांकी कार्य समेत जटिल पहराहरु पर्ने हुंदा नेपाली सेनाबाटै गराउनुपर्ने भनि अनुरोध आईरहेको र सम्बन्धित निकायमा पत्राचारको कार्य भैरहेको ।

७. सडक निर्माण कार्यदलमा आवश्यकतानुसार नेपाली सेनाका बिभिन्न युनिटका सकल दर्जा, बाग्लुङ्गस्थित श्री नं.२३ बाहिनी अड्डा, श्री अर्जुनबाण गण, गुल्मीस्थित श्री गुरुगोरख गुल्म लगायत स्थानीय प्रहरी, प्रशासन, राजनैतिक दल, जनता लगायतका बिभिन्न स्थानीय निकायहरु, सरोकारवालाहरु, जनप्रतिनिधि तथा माननीयहरुको पूर्ण सहयोग प्राप्त भई द्रुत गतिमा निर्माण तथा बिस्तारका कार्य भैरहेको ।

८. सडक निर्माण कार्यदललेतोकिएको समय अगाडै कार्य सम्पन्न गरिएकोलेको बिभिन्न स्थानीय निकाय र कालिडण्डकी करिडोर सरोकार समितिबाटकार्यको उच्च मूल्यांकन गरी प्रशंशा गरिएको ।

९. मिति २०७३।२।५ गतेका दिन व्यवस्थापिका–संसद, विकास समितिका मा.सभापति र नेपाली सेनाका प्रधानसेनापतिको संयूक्त टोलीद्धारा निर्माणाधीन रिडि–पालुङ्गखोला–मालढुङ्गा सडक खण्डको हवाई तथा स्थलगत निरीक्षण गरी मालुढुंङ्गा–टाकुरे खण्डको सार्बजनिक यातायातको शुभारम्भ भई सार्बजनिक यातायात संचालन हुँदै आएको ।

१०. बिगत आ.व.हरुमा सम्पन्न रिडी–पालुङ्गखोला तथा मालढुङ्गा–टाकुरे सडक खण्डको बिभिन्न ठाउंहरुमा ठुलो पहिरोहरु गई बाटो अबरुद्ध भएकोमा ५७ कि.मि.सडक खण्डको पहिरो गएको स्थानहरुमा पून: निर्माण तथा सफा गरी यातायात संचालन भइरहेको ।

११. टाकुरे–पालुङ्गखोला सडक खण्ड (२३ कि.मि.) द्रुत गतिमा कार्य भैरहेको ।यस खण्डको ठाउं ठाउंमा करिब १६ कि.मि. सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न भईसकेको । धुषा भिर, बागखोल भिर, बेलवगर भिर, डांडाकाल भिर, कुचुरे भिर लगायत अन्य कठिन क्षेत्रको समेत गरी बिभिन्न ठाउंको ७ कि.मि. सडक खण्डमा यसै चालू आ.व.०७३।७४ भित्र ट्र्याक जोड्ने योजनाका साथ द्रुत गतिमा कार्य भैरहेको ।

१२. पालुङ्गखोलामा बेलिब्रिज हाल्ने कार्य सम्पन्न भइसकेको । र अति आवश्यक ठाउंहरुमा ग्रायभलिङ्ग तथा स्ट्रकचरको कार्यहरु भैरहेको ।

१३. बेलिबृज हाल्नुपर्ने अति आवश्यक देखिएको गौदी खोला, चौरा खोला र ठेउले खोलामा यसै चालू आ.व.०७३।७४मा कार्य सम्पन्न गर्ने गरी बेलिब्रिजको निर्माण कार्य सुरु भैसकेको ।

१४. लौहा खोलामा पनि बेलिब्रिज हाल्न अति आवश्यक देखिएको ।

१५. बडरे, दिङ्ग, बग्दी, होसमादी, सिस्ने, पाती, पुर्तिघाट, घाटे, झ्याप्ले, काभ्रे, टाटा र रादी १२ वटा खोलामा कल्भर्ट हाल्नुपर्ने ।

१६. सडकको बिभिन्न खण्डहरुमा मोड सुधार र स्तोरन्नत्तिका कार्य गर्नुपर्ने देखिएको ।

१७. करिडोरको निर्माण सम्पन्न भएपछि आर्थिक, सामाजिक, धार्मिक, पर्यटकीय विकासको सम्भाव्यता धैरे रहेको । २० हजार मेघावाट क्षमताको विजुली उत्पादन हुन सक्ने सम्भाव्यता रहेको । त्यस्तै जडिबूटि उद्योगको पनि ठूलो सम्भाव्यता रहेको ।

१८. आ.व.०६९।७० देखि चालु आ.व. ०७३।७४ (हाल सम्म) देहाय वमोजिम जम्मा ७९,६४,००,००० रकम निकासा भएको–

आ.व.०६९।७० ४ करोड, आ.व.०७०।७१ १३ करोड ८० लाख, आ.व.०७१।७२ मा २४ करोड ८४ लाख, आ.व.०७२।७३ मा १८ करोड र आ.व.०७३।७४ मा १९ करोड ।

बेलिब्रिज तथा सडक निर्माणको लागि थप रकम रु.१४ करोड निकासाको क्रममा रहेको ।

बिगतका आ.व.हरुमा सम्पन्न भएको रिडी–पालुङ्गखोला खण्ड र मालढुङ्गा–टाकुरी खण्डमा निरन्तर यातायात संचालन गर्न अति आवश्यक पर्ने स्ट्रकचरको कार्य गर्नको लागि थप रु.४ करोड र पालुङ्गखोला–टाकुरे सडक खण्डको ट्र्याक खोल्नको लागि थप रु.५ करोड गरी जम्मा ९ करोड (पुल बाहेकको लागि) थप रकम र सडकको स्तरोन्नत्तिको लागि आवश्यकतानुसारको थप रकमको आवश्यक पर्ने देखिन्छ ।

यसरी बेजिब्रिज तथा सडक निर्माण, स्ट्रकचरको कार्य र ट्र्यांक खोल्ने कार्यका लागि जम्मा थप रकम रु.२३ करोड र बेला बेलामा आवश्यकतानुसार सडक स्तरोन्नत्तिका लागि आवश्यकतानुसारको थप रकम आवश्यक पर्ने देखिएको ।

## ५.स्थलगत निरीक्षण भ्रमणमा देखिएका समस्याहरुः

स्थलगत निरीक्षण र सम्बद्ध निकाय तथा स्थानीयवासीसंग गरिएको अन्तरक्रिया बाट देहाय वमोजिमका समस्या देखिएका छन् :

१. बेलिब्रिज तथा सडक निर्माणको लागि थप रकम रु.१४ करोड निकासाको क्रममा रहेको, निकासा भई नसकेको ।

२. बिगतका आ.व.हरुमा सम्पन्न भएको रिडी–पालुङ्गखोला खण्ड र मालढुङ्गा–टाकुरी खण्डमा निरन्तर यातायात संचालन गर्न अति आवश्यक पर्ने स्ट्रकचरको कार्य गर्नको लागि थप रु.४ करोड र पालुङ्गखोला–टाकुरे सडक खण्डको ट्रयाक खोल्नको लागि थप रु.५ करोड गरी जम्मा ९ करोड (पुल बाहेकको लागि) थप रकमको आवश्यक परेको ।

३. बेला बेलामा आवश्यकतानुसार सडक स्तरोन्नतिका लागि आवश्यकतानुसारको थप रकम आवश्यक परेको ।

४. छीटो output पाउने हिसाबले नेपाली सेनालाई जिम्मेवारी दिईएपनि चट्टान काट्ने मेशीन, विष्फोट पदार्थ जस्ता श्रोत र साधनको अभाव रहेको । प्राबिधिक जनशक्ति पनि अभाव नै देखिएको ।

५. रिडी–रुद्रबेणी सडक खण्ड (७ कि.मि.) कहीं अढाई मिटर चौडा छ कहिं सात मिटर चौडा रहेको ।

६. निर्माण कार्य समाप्त भैसकेको सडक खण्डमा बर्षातको समयमा पनि यातायात संचालन गर्नका लागि अति आवश्यक ठाउंहरुमा पक्की नाली, ब्रेष्टवाल, रिटेनिङ्गवाल तथा ग्राभलिङ्गका कार्यहरु हुन नसकेको ।

७. ५ वटा ठुला खोलाहरुमा बेलिब्रिज बनाउनु अत्यावश्यक भएको तर बनाउन सकेको छैन ।

८. बदरे, दिङ्ग, बग्दी, होसमादी, सिस्ने, पाती, पुर्तिघाट, घाटे, झ्याप्ले, काभ्रे, टाटा र रादी १२ वटा खोलामा कल्भर्ट हाल्नुपर्ने तर हाल्न सकेको छैन ।

९. लौहा खोलामा पनि बेलिब्रिज हाल्न अति आवश्यक देखिएको ।

१०. सडकको बिभिन्न खण्डहरुमा मोड सुधार र स्तोरन्नत्तिका कार्य गर्नुपर्ने देखिएको ।

## ६. सुझावहरुः

१. निकासाको क्रममा रहेको थप रकम रु.१४ करोड यथाशिघ्र निकासा गरी बेलिब्रिज तथा सडक निर्माणको कार्य सम्पन्न गर्न गराउनु पर्ने ।

२. बिगतका आ.व.हरुमा सम्पन्न भएको रिडी–पालुङ्गखोला खण्ड र मालढुङ्गा–टाकुरी खण्डमा निरन्तर यातायात संचालन गर्न अति आवश्यक पर्ने स्ट्रकचरको कार्य गर्नको लागि थप रु.४ करोड र पालुङ्गखोला–टाकुरे सडक खण्डको ट्रयाक खोल्नको लागि थप रु.५ करोड गरी जम्मा ९ करोड (पुल बाहेकको लागि) थप रकमको आवश्यक पर्ने देखिएकोले यथाशिघ्र चालू आ.व.मै वा आगामी आ.व.मा प्राथमिकतामा राखी बजेटको व्यवस्था गर्नुपर्ने ।

३. रिडी–रुद्रबेणी सडक खण्ड (७ कि.मि.) कहीं अढाईमिटर चौडा छ कहिं सात मिटर चौडा रहेको हुंदा १० मिटर वा २ लेनको फराकिलो बनाउनु पर्ने ।

४. निर्माण कार्य समाप्त भैसकेको सडक खण्डमा बर्षातको समयमा पनि यातायात संचालन गर्नका लागि अति आवश्यक ठाउंहरुमा पक्की नाली, ब्रेष्टवाल, रिटेनिङ्गवाल तथा ग्राभलिङ्गका कार्यहरु गर्न आवश्यक बजेट, श्रोत साधनको व्यवस्था गर्नुपर्ने ।

५. ५ वटा ठुला खोलाहरुमा बेलिब्रिज बनाउनु अत्यावश्यक भएको तर बजेट अभावले बनाउन सकेको छैन । अतः आगामी बजेटमा आवश्यक बजेटको व्यवस्था गरीनु पर्ने ।

६. बदरे, दिङ्ग, बग्दी, होसमादी, सिस्ने, पाती, पुर्तिघाट, घाटे, झ्याप्ले, काभ्रे, टाटा र रादी १२ वटा खोलामा कल्भर्ट हाल्नुपर्ने तर बजेट अभावले हाल्न सकेको छैन । अतः आगामी बजेटमा आवश्यक बजेटको व्यवस्था गरीनु पर्ने ।

७. लौहा खोलामा पनि बेलिब्रिज हाल्न अति आवश्यक देखिएको तर बजेट अभावले हाल्न नसकेकोले आवश्यक बजेट व्यवस्था हुनु पर्ने ।

८. सडकका बिभिन्न खण्डहरुमा मोड सुधार र आवश्यक्तानुसार सडक स्तोरन्नत्तिका कार्यहरुका लागि आवश्यक्तानुसारको थप बजेट लगायत श्रोत साधन उपलव्ध गराई तत्काल कार्य गर्नुपर्ने देखिएको ।

९. राष्ट्रिय गौरब विकास निर्माणका कार्यहरुमा नेपाली सेनाको भूमिका बढ्दै गएको परिप्रेक्षमा विकास निर्माणका कार्यमा आवश्यक थप प्राबिधिक जनशक्तिहरु अभाव हुने देखिएकोले तत्काल थप आवश्यक प्राबिधिक जनशक्तिको व्यवस्था हुनुपर्ने ।

**७. निष्कर्ष :**

सीमित श्रोत साधन र बजेटबाट तोकिएको समय अगावै कालिगण्डकी करीडोरका तोकिएको सडक खण्डको कार्य सम्पन्न गर्दै सबैतिरबाट प्रशंसा बटुल्न सफल नेपाली सेनाको विकास निर्देशनालयलाई समयमै आवश्यक बजेट,श्रोत साधन तथा प्राबिधिक जनशक्ति सम्पन्न गराई तोकिएका सडक खण्डहरुको निर्माण, मर्मत सुधारका कार्यको जिम्मेवारी तोकिएको समयमै सम्पन्न गर्न गराउन सम्बद्ध सबै निकायको आवश्यक समन्वय तथा सहयोग हुनु नितान्त आवश्यक भएको कुरामा दुई मत हुन सक्दैन । स्थानीय स्तरको आर्थिक, सामाजिक, धार्मिक, ऐतिहासिक, राजनैतिक, पर्यटकीय क्षेत्रको बिकासमा सघाउ पुऱ्याई देशको समग्र विकासमा सहयोग पुऱ्याउने कालीगण्डकी राष्ट्रिय महत्वको उत्तर–दक्षिण मार्गको रुपमा निर्माण सम्पन्न हुने कुरामा विस्वस्थ हुंदै अन्य राष्ट्रिय महत्वको सडक मार्गहरुको निर्माणमा पनि नेपाली सेनाको आवश्यक्तानुसार प्रभावकारी सहयोगी भूमिका रहनेछ भन्ने अपेक्षा समितिको रहेको छ ।

## स्थलगत भ्रमणका केही तस्विरहरु












KALIGANDAKI CORRIDOR
(GULMI-BAGLUNG SECTOR)
ALIGNMENT SKETCH
BAGLUNG
PARBAT
GULMI
SYANJA

